**Nepalese Culture**
**Vol. : 109-121, 2025**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v18i1.78293**

# नालाको मध्यकालीन नेवाः बस्ती संरचना

**सृजना प्रजापति**

**Received Date: Dec 03, 2024**
**Accepted Date: April 07, 2025**

## लेखसार

नाला बनेपा नगरपालिकाअन्तर्गत पर्ने महत्त्वपूर्ण ऐतिहासिक एवम् सांस्कृतिक नगरी हो । को ३ र ४ वडाअन्तर्गत पर्दछ । लिच्छविकालमा यसको नाम नालाङ्गग्राम थियो । यहाँ लिच्छवि तथा मध्यकालदेखिका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरू मनग्य पाइन्छन् । मल्लकालमा राखिएका अभिलेख यस क्षेत्रमा पाइन्छन् । तापनि परिसरमा रहेका लिच्छविकालीन अभिलेख र थुप्रै उत्तर लिच्छवि र पूर्व मध्यकालीन मूर्तिहरूले यो क्षेत्र प्राचीन हुनसक्ने अनुमान गर्न सकिन्छ । नाला करुणामय अर्थात् सृष्टिकान्तलोकेश्वरको स्थापनाको इतिहास पाइँदैन । तर वि.सं. २०३५ को तस्बिरमा यो परम्परागत मल्लकालीन शैलीको बनावट देखिन्थ्यो । हाल पुनःनिर्माण भइसकेकोले केही अनुपात नमिलेको जस्तो देखिन्छ । नेवाः बस्ती चिनाउने अन्य सम्पदाहरूमा निजी कलात्मक घर, दरबार, द्योछें, साना मन्दिरहरू, बाटो, दबू, जलद्रोणी र इनार हुन् । मल्लकालीन शहरको सुरक्षात्मक वास्तुका रूपमा रहेका सातमध्ये पाँच प्रवेशद्वार अहिले आधुनिक शैलीमा पुनःनिर्माण गरिएका छन् । अभिलेखसहितका थुप्रै पूर्व मध्यकालीन मूर्ति र एउटा मल्लकालीन युधिष्ठिरको मूर्ति यस शहरको विशेषताको रूपमा रहेको छ। यी सम्पूर्ण मूर्त सम्पदाहरूले नालाको मध्यकालीन नेवाः बस्ती संरचनाको परिचय झल्काउँछ। भक्तपुरसँग धेरै समय अधिनमा रहेको हुँदा यहाँको बस्ती संरचना र बस्तीका अवयवहरू मिल्दा देखिन्छन् । समग्रमा नालाका विविध विषयलाई समेटेर सम्पन्न भएको अध्ययनको अभाव छ। त्यो यस अध्ययनको रिक्तता प्राज्ञिक समस्या हो । उक्त समस्या सम्वोधन गर्ने उद्देश्यले यो अनुसन्धान गरिएको छ। प्राथमिक तथा द्वितीयक दुबै प्रकृतिका तथ्याङ्क सङ्कलन तथा विश्लेषण भएको यो गुणात्मक ढाँचामा आधारित लेख हो ।

सूत्रशब्द : नालाङ्ग ग्राम, सात गाउँ, नाला उग्रचण्डी, सृष्टिकान्त लोकेश्वर

## परिचय

नाला बनेपा नगरपालिकाको ३ र ४ वडाअन्तर्गत पर्दछ। यो भक्तपुर नगरदेखि पूर्व ९ कि.मी. को दूरीमा अवस्थित महत्त्वपूर्ण ऐतिहासिक एवम् सांस्कृतिक नगरी हो । यसलाई लिच्छविकालमा नालाङ्गग्राम भनिन्थ्यो । भक्तपुरको सात गाउँमध्ये एउटा नाला पनि हो । उग्रचण्डी भगवती, नाला करुणामय/सृष्टिकान्त

लोकेश्वर/सेतो मच्छिद्रनाथ, ध्वाखा (नगर प्रवेशद्वार), मूर्ति, अभिलेख, पाटी, ढुङ्गेधारा जस्ता मूर्त र चाडवाड जात्रालगायतका अमूर्त ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरू यस बस्तीलाई चिनाउने महत्त्वपूर्ण आधार हुन्। नाला भगवतीलाई उग्रचण्डी पनि भनिन्छ। यो मन्दिर चार तलाको छ। यो यस मन्दिरको मौलिक एवम् छुट्टै विशेषता हो।

नालामा पाइएको लिच्छविकालीन अभिलेखमा उल्लेखित उपरिम नालाङ्ग ग्राम भन्ने किराँती भाषाको शब्दले यो क्षेत्र किराँतकालमा नै आवाद भइसकेको ज्ञात हुन्छ (बज्राचार्य, २०३०, पृ. ५१२; मानन्धर, २०६७, पृ. १,४)। त्यसपछि यस क्षेत्रमा क्रमशः बस्ती विस्तार भएको विभिन्न अन्य सम्पदा र अभिलेखहरूले देखाउँछन्। नालालाई सत्य र त्रेता युगसम्म नागरीपुर भन्ने गरिन्थ्यो। द्वापरयुगमा उत्तरापुर भन्ने गरियो (बल्ल, २०८०, पृ. १)। नालामा गाइने भजन गीतसमेतमा 'उत्तरापुर' भनि उल्लेख छ (मानन्धर, २०६७, पृ. ४)। प्राचीन समयमा भक्तपुरबाट बनेपा हुँदै तिब्बत जाने मार्ग पनि यही थियो।

भक्तपुरको सात गाउँमध्ये बनेपा, पनौती, नाला, साँगा, चौकोट, धुलिखेल (धौखेल) र खड्पु (श्रीखण्डपुर) प्रचलित रहेका छन्। पूर्व मध्यकालदेखि भक्तपुरको अधिनमा रहेको यो शहर रण मल्ल र प्रताप मल्लको पालामा भने काठमाडौंको अधिनमा रहेको थियो (राज, ०५५, पृ. ७)। नाला क्षेत्र भक्तपुर नगरको च्याम्हासिंहदेखि ९ कि.मी. पूर्व र बनेपादेखि ३ कि.मी. उत्तर पश्चिमतर्फ रहेको छ। यो काभ्रे जिल्लामा पर्दछ। प्राचीन कालदेखिको इतिहास बोकेको नाला वि.सं. २०७४सम्म उग्रचण्डी गाविसको रूपमा रहेको थियो। त्यसपछि यसलाई बनेपा नगरपालिकाको वडा नं. ३ र ४ मा गाभियो (बल्ल, २०८०, पृ.१)। यो शहरको पूर्वमा नन्दीमाता र पश्चिममा पुण्यवती खोला रहेका छन् (मानन्धर, २०६७, पृ. ४)।

उल्लेख्य ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेको नाला सहर प्राचीन तथा मध्यकालमा व्यापारिक मार्ग थियो। अरनिको राजमार्गका रूपमा नयाँ बाटो बनेपछि विस्तारै यो क्षेत्र छायाँमा पर्न थाल्यो। यस क्षेत्रको मौलिक पहिचान दिने ऐतिहासिक एवम् सांस्कृतिक सम्पदाहरू पनि क्रमशः नासिने, भाँचिने र लोप हुने अवस्थामा पुग्दैछन्। हाल यो मृत शहरको रूपमा रूपान्तरण हुन थालेको छ। यहाँका सम्पदाहरूको अध्ययन अनुसन्धान, संरक्षण सम्वर्द्धनका माध्यमबाट यो सहरलाई पुर्नजीवन दिन सकिन्छ। अध्ययन अनुसन्धानकर्ता, संरक्षण सम्वर्द्धनसँग सम्बन्धित निकाय र सबै सरोकारवालाहरूले त्यसतर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ। शोधखोजको यो आवश्यकतालाई परिपूर्ति गर्ने उद्देश्यले *नालाको मध्यकालीन नेवाः बस्ती संरचना* शिर्षकको यो लेख तयार पारिएको हो।

## अनुसन्धानका समस्या र प्रश्न

नाला उल्लेख्य इतिहास बोकेको सानो सुन्दर शहर हो। यद्पि हाल यो मृत शहरको रूपमा रूपान्तरण हुन थालेको छ। नाला क्षेत्र एक समय व्यापारिक मार्ग थियो। अरनिको राजमार्ग निर्माण भएपछि यो सहर ओझलमा परेको हो। ऐतिहासिक एवम् सांस्कृतिक रूपले सम्पन्न यो सहरलाई पुर्नजीवन दिन यहाँका सम्पदाहरूलाई संरक्षण सम्वर्द्धन गर्नु पर्दछ। हाल यो 'परित्यक्त' अवस्थामा रहेको कारण यस शहरको अध्ययन अनुसन्धानतर्फ खासै ध्यान गएको देखिँदैन। उग्रचण्डी भगवती र नाला करुणामयको छिटफुट लेखबाहेक समग्र नालाका सम्पदा र बस्तीबारे लेख, पुस्तक तथा अन्य पठन सामग्री पाइदैनन्। त्यसकारण यस लेखमार्फत

नाला शहरका ऐतिहासिक सम्पदाहरू के के हुन् ? उक्त सम्पदालाई मध्यकालीन नेवाः बस्तीका ऐतिहासिक एवम् सांस्कृतिक सम्पति किन मानिन्छ ? जस्ता शोध प्रश्नहरूका साथ अध्ययनको उद्देश्यलाई समेट्ने प्रयास गरिएको छ ।

## अध्ययनको उद्देश्य

बनेपा नगरपालिकाको ३ र ४वडाअन्तर्गत नाला सहर अवस्थित छ । यस अध्ययनमा मूलतः उक्त वडामा रहेका ऐतिहासिक स्रोत सामग्री र सम्पदाहरूको विवेचनाका आधारमा नालालाई मध्यकालीन नेवाः बस्तीका रूपमा प्रस्तुत गरिएको हो । यस सन्दर्भमा नाला के हो ? नाला किन भनियो ? यसको इतिहास कति पुरानो छ ? जस्ता विषयको चर्चा पनि यो लेखमा पाइन्छ । ती यस अध्ययनका साधारण उद्देश्यअन्तर्गत पर्ने सन्दर्भ हुन् । यसका अतिरिक्त नाला शहरका ऐतिहासिक सम्पदाहरूको अन्वेषण र  उक्त सम्पदालाई मध्यकालीन नेवाः बस्तीका ऐतिहासिक एवम् सांस्कृतिक सम्पति मान्नुका आधार खोजी गर्नु यो अध्ययनका विशिष्ट उद्देश्य हुन् ।

## अनुसन्धान विधि

यस अनुसन्धात्मक लेखको निमित्त स्थलगत अवलोकन तथा स्थानीयहरूसँगको अन्तर्वार्ता प्राथमिक स्रोतको रूपमा रहेको छ। द्वितीयक स्रोतको रूपमा अभिलेखमा उल्लेखित विवरण, अभिलेख संग्रह गरी प्रकाशित पुस्तक, पुराना तस्विर विश्लेषण र अन्य केही पुस्तक तथा शोधप्रबन्धहरूलाई लिइएको छ। नालासम्बन्धी छरिएर रहेका सूचनाहरूलाई सङ्कलन गरी सम्पूर्ण सम्पदाहरूलाई प्रस्तुत गर्ने यस अध्ययनको उद्देश्य रहेको छ। सोही अनुरूप विभिन्न पुस्तक अध्ययन तथा नपुग सूचना स्थानीयहरूमार्फत सङ्कलन गरिएका छन्। प्राचीन शहर भक्तपुरको बस्तीसँग तुलनात्मक अध्ययन पनि यसमा भएको छ। यसरी नालाको सम्पूर्ण सम्पदाहरूको एकीकृत रूपमा अध्ययन अनुसन्धान नभएको परिप्रेक्ष्यमा यस लेखले त्यो ज्ञानलाई परिपूर्ति गर्नेछ । यद्दपि यस लेखमा मूर्त सम्पदाहरू मात्र अध्ययनमा समाविष्ट छन्। गुठी, जात्रा, पर्व, भोज, बाजा र पूजाजस्ता अमूर्त सम्पदाको अध्ययन गरिएको छैन । साथै यस क्षेत्रसँग सम्बन्धित थुप्रै किंवदन्ती पनि यसमा समेट्न सकेको छैन ।

## अनुसन्धानको मुख्य प्राप्ति

स्थलगत अवलोकन, सम्बन्धित पुस्तक र लेख अध्ययन, पुराना तस्बिर विश्लेषण तथा स्थानीय उग्रचण्डीको पूजारीसँगको अन्तर्वार्ता र छलफल यस लेखका आधारहरू हुन्। भौगोलिक क्षेत्रफलका आधारमा कम क्षेत्र ओगटेको भए तापनि नेवाःबस्ती संरचनाको मूलतत्व यहाँ रहेको स्थलगत अवलोकनले देखायो । हरेक दोबाटोहरूमा खुल्ला स्थान, पाटी, स-साना मन्दिर वा ढुङ्गेधारा अनिवार्य रूपमा पाइयो। साथै मध्यकालीन नेवाः शैलीका चारतले (छेडि, मातन, चोटा र बुइँगल सहितका) लहरमिलेका घरहरू थिए । पुराना मल्लकालीन घरहरूमा कलात्मक साँझ्यहरूपनि बाँकी रहेको पाइन्छन्। कतिपय घरहरू भने वि.सं. २०७२ को भूकम्पपछिको आधुनिक किसिमले पुनःनिर्माण गरिएका हुन्। यस्ता स-साना प्राचीन बस्ती विश्वसम्पदा क्षेत्रमा हालसम्म पनि नपरेको हुनाले सम्बन्धित निकायले पनि त्यति चासो दिएको देखिँदैन । पुनः निर्माणपछि कम्तिमा पनि बाहिरी मोहडा परम्परागत शैलीमा बनाउन सकिने अवसरमा पनि चुकेको देखिन्छ । यसकारण यो बस्ती ऐतिहासिक

रूपमा कति महत्त्वपूर्ण छ भनी प्रामाणिक इतिहास खोज्नको निमित्त केही सम्पदाहरू विशेषतः मूर्तिकला, अभिलेखहरूको अध्ययन गरिएको हो ।

## मन्दिर

उग्रचण्डी भगवती र नाला करुणामय नालाका दुई प्रमुख मन्दिर हुन् । यसका साथै नाला स्मारक क्षेत्रमा अन्य थुप्रै स-साना मन्दिरहरू पनि रहेका छन् । ती स-साना मन्दिरहरू प्रायः गणेशको र अन्यमा भिसिंद्यो, मनकामना आदि हुन् । दुई प्रमुख मन्दिरहरूबारे यहाँ विस्तृत चर्चा गरिएको छ ।

**उग्रचण्डी भगवती** : यो भगवतीलाई नाला भगवती (तस्बिर नं.१) पनि भन्ने गरिन्छ । शहरको पूर्वीद्वारको रूपमा रहेको यो मन्दिर लगन टोलमा पर्दछ । यो मन्दिर ने. सं. ७६७ मा जगत् प्रकाश मल्लको पालामा बनाएको विवरणसहितको ताम्रपत्र मन्दिरभित्र पाइएको छ । जगत् प्रकाश मल्लको पालामा दुईतला, ने.सं. ७७१ मा सिद्धिनरसिंहले एक तला थपेको र नालाका साहु देवानन्दले एक तला थपेर चार तला भएको थियो (मानन्धर, २०६७, पृ. ३०) । यसको प्रमाणको रूपमा पहिलो तलामा स-साना तीनवटा गजुरहरू देखिन्छन् ।

मन्दिरलाई दुईतह पेटीमा उठाइएको छ । तर मूल बाटोबाट पाँच खुड्किला चढेपछि मात्र मन्दिर परिसर पुगिन्छ । मन्दिरको बाहिरी पर्खालको रूपमा सोह्रथामहरू रहेका छन् । मूलद्वारमा तिनै थामहरूले तीनवटा तोरणहरू थामेका छन् (दर्नाल, २०७८, पृ. २२) । ती थामहरूको बिचमा आँखीझ्याल रहेको छ । गर्भगृह र बाहिरी थामको बिचमा प्रदक्षिणा पथ (करिब ३ हातको) रहेको छ । गर्भगृहको द्वार कलात्मक धातुले बनाइएको छ । भित्र प्रदक्षिणा पथ र छुट्टै गर्भगृहमा अठार हात भएकी उग्रचण्डी भगवतीको प्रस्तर मूर्ति रहेको छ ।

उक्त प्रस्तरको मूर्ति कलात्मक अनि सुन्दर छ । मूर्तिको आकार प्रकार तथा शैलीका आधारमा विभिन्न विद्वान्हरूले फरक तर्कहरू दिएका छन् । मेरि स्लसरले (इ.सं. १९८२, पृ. ३०९-३१०) लोककथनको आधारमा पलाञ्चोक भगवती, नक्साल र शोभा भगवती बनाउने कलाकारले नै बनाएको हुनसक्ने भनी लेखेकी छन् । यसैको आधारमा उग्रचण्डीभगवतीको मूर्ति बाह्रौं/तेह्रौं शताब्दीको हुनसक्ने अनुमान लगाएकी हुन् । तर यो कुरामा आधार नभएको तर्क जोशीको छ (२०७३, पृ. ७०) । नाला भगवतीको मन्दिरको वास्तुकला फरक शैलीको छ । नेपालमा हरिसिद्धि र नाला भगवतीको मन्दिर मात्र चार तले छाने शैलीमा रहेका छन् । यसको जमिन तला अर्ध खुल्ला छ भने स्वरूप भैरव र भीमसेनको शैलीको मन्दिरझै आयाताकार छ (दाहाल र खतिवडा, २०६०, पृ. २०८-२०९) । यो मन्दिरको लम्बाइ ७.३ मिटर चौडाइ ६.१ मीटर र उचाई १९ मिटर रहेको छ (दर्नाल, २०७८, पृ. २३) ।

बाहिरबाट हेर्दा जमिन तलामा काठको थामहरू माथिल्लो तलामा कलात्मक झ्याल सहितको गारो छ । छाना भने पहिला तीनतला झिंगटी र माथिल्लो तलामात्र तामा/धातुको थियो। जिर्णोद्वारको क्रममा सम्पूर्ण छाना धातुको बनाइयो । तामाको छानामा सुनको मोलम्बा गरिएको छ । धातुकै गजुर सबैभन्दा माथि रहेको छ । गजुरसँगै अन्य मन्दिरभन्दा फरक शैलीको त्रिशुल (प्रायः महादेवको मन्दिरमा मात्र पाइने)यस स्थानमा देखिन्छ । यो मन्दिरमा अन्य मन्दिरमा जस्तै धातुको पताका र किनकिन माला पाँइदैन (दाहाल र खतिवडा, २०६०, पृ. २०८) । यस मन्दिरको दक्षिण मोहडामा मात्रै कलात्मक टुँडालहरू रहेका छन् । यी टुँडालहरूमा चामुण्डा,

कौमारी, माहेश्वरी र महालक्ष्मीका मूर्तिहरू कुँदिएका छन् । यी चार टुँडालहरू क्रमशः जयसिंह, रामसिंह, सहस्त्रराम, जिकेराम र डोलसिंहले संवत् ७७४ आश्विनमा स्थापना गरेको देखिन्छ ।

चारकुनामा सिंह, शार्दूल, अजरापुरुष र महानाग रहेको छ । माथिल्लो तलामा हरेक तलाको चारै कुनामा कुँशलहरू रहेका छन् । यस मन्दिरको पहिलो तलामा दक्षिण र उत्तरमा तीन-तीनवटा र पूर्वपश्चिममा एक-एक झ्यालहरू रहेका छन् (दर्नाल, २०७८, पृ. २४) । अन्य तलाहरूमा चारै दिशामा एक-एक झ्यालहरूरहेका छन् । पहिलो तलामा बाराही र महाकालीका काष्ठ मूर्तिहरू छन् । हरेक तलामा पित्तलको *मूठबाला* अर्थात् बलेनीमा निस्किएका दलिनलाई छोप्न प्रयोग गरिने काठका फित्ता छन् र तिनैमा माथिका तलामा अक्षरपनि कुँदिएका छन् । चारै कुनामा धातुका चराहरू र लहरै *फयुगां(फय्-* हावा, *गां* अर्थात् घण्टी, हावाले हल्लाउँदा बज्ने घण्टीहरू झुण्डाइएका छन् । चौथो तलाको झ्यालमा श्रीवत्स (अष्ट मङ्गलमध्ये एक) रहेको छ (दाहाल र खतिवडा, २०६०, पृ. २०८) । दक्षिण मोहडा अगाडितिर बाकानन्द शाहुले राखिदिएको प्रस्तर स्तम्भमाथि धातुको सिंह छ (मानन्धर, २०६७, पृ. ३०) ।

मन्दिर परिसरमा बाँकी दुईप्रस्तर स्तम्भमा ढलोटको सिंह र ढलोटकै मयुर रहेको छन् । अन्य दुई प्रस्तरका ठूल-ठूला सिंहका द्वारपाल रहेको छ। त्योसँगै अर्कोदुई प्रस्तरका स्तम्भमा ढलोटकासिंहले झण्डा समातिरहेका छन् । मन्दिर परिसरमा अन्य सम्पदाहरूमा सोह्रखुट्टे पाटी, ताहाफले पाटी, गणेशपाटी तथा थुप्रै मूर्तिहरू रहेका छन् । हाल यो मन्दिर पुनःनिर्माणको क्रममा छ ।

**नाला करुणामय :** यी करुणामयलाई सृष्टिकान्त लोकेश्वर (तस्बिर नं.८) पनि भनिन्छ (बज्राचार्य, २०६९, पृ.१२६) । आर्यावलोकितेश्वर (जनबहाः), श्री कच्छर्पण लोकेश्वर (आदिनाथ चोभार), श्री रक्तार्यावलोकितेश्वर (बुंगद्यः) र सृष्टिकान्त लोकेश्वर नेपालका चार प्रमुख लोकेश्वर हुन् (श्रेष्ठ, २०८०, पृ. ५) । यस लोकश्वरलाई सृष्टिकान्त भनी सृष्टि गर्ने लोकेश्वरका रूपमा मानिएको छ । यो सेतो वर्णको भएकाले यसलाई सेतो मच्छिन्द्रनाथ पनि भनिएको हो (बज्राचार्य, वि.सं.२०५८, पृ. ४१) । करुणामयको यो मन्दिर नाला शहरको पश्चिमी द्वारको रूपमा रहेको छ ।

यस करुणामयको मन्दिर दुईतले आयाताकार आधारमा बनेको छ । भने माथि धातुको छानामा सुनको मोलम्बा गरिएको छ । त्यसको मुनितिर कलात्मक *मूठबाला* र *फयुगां* रहेको छ । भने *मूठबाला*को माथिल्लो सादा भागमा अक्षर कुँदिएका छन् । त्यसको माथि सानो *फुचा* (नेपाली शैलीका प्राय *द्योछें/* देवघरमा छानाको माथि सानो हावा घरजस्तो उठाई छाना सहितको भाग)रहेको छ । सो *फुचा* चारैतर्फ काठका *टिकिझ्यः* अर्थात् आँखिझ्यालहरू हल्का ढल्काएर राखिएको छ । त्यसको धातुको छानामा पनि सुनको मोलम्बा गरिएको छ। सबैभन्दा माथि धातुकै गजुरमा दुबैतर्फ धातुकै झण्डाहरू राखिएका छन् । यो मन्दिरको जमिन तलाको बिचमा खम्बा अर्थात् थामसहितको तीनमुखी मूलद्वार रहेको छ।सोको विचमा धातुकै तोरण रहेको छ। दायाँ-बाया एकमुखी एक/एकवटा ढोकाहरू रहेका छन्।माथिल्लो तलामा भने बिचमा तीनमुखी *सँझ्यः* को छेउमा ससाना *टिकिझ्यः* र अझै दायाँबाया ठूला एकमुखी झ्यालहरू एक/एकओटा छन् ।

जमिन तलामा दायाँ-बायाँ र पछाडीको मोहडामा झ्यालहरू छैनन् । माथिल्लो तलामा भने दायाँ-बायाँको मोहडामाएक एकवटा र पछाडी तीनवटा एकमुखीझ्यालहरू रहेका छन् । यस मन्दिरको चारैतिर

कलात्मक टुँडालहरू रहेका छन् । वि.सं. २०३५ को (नाला, भक्तपुर, इ.सं. २०२३) तस्बिर (तस्बिर नं.९) मा आकार प्रकार र झ्याल ढोका उस्तै देखिन्छ । भित्तामा सेतो रंग र बुद्धका मूर्तिहरू कुदिँएको देखिन्छ । छाना झिंगटीको रहेको तर त्यसको माथि सानो *फुचा*को छाना भने धातुकै थियो । पुरानो तस्बिरमा दुईतला प्रष्ट देखिएपछि मात्रै छाना देखिन्थ्यो । माथिको *फुचा*को तालमान (अनुपात) पनि मिलेको देखिन्छ । पुनःनिर्माणअघि मन्दिरको *कुपोल (बलेनी पाखा)* मा चढाइएका घरेलु भाँडाकुडा टाँगिएका थिए (लक, इ.सं. १९८०, पृ. ३६५) ।

वि.सं. २०५२ पछि फ्रेन्च प्रोजेक्ट अन्तरगतको पुनःनिर्माणपछि भने भित्तामा *दाची अपा* देखाइएको छ । छानाले करिब पहिलो तलाको आधा भाग छेकिने गरी बनाइएको छ । साथै माथिको *फुचा* को उचाई पहिलेभन्दा बढेकोले अनुपात नमिलेको देखिन्छ । मन्दिर अगाडि दुई प्रस्तरका खम्बा सहितका घण्टाहरू, दुई धातुका झण्डा, दुई साना प्रस्तरकै सिंहहरू द्वारपालका रूपमा रहेका छन् । यो मन्दिर परिसरमा एक सानो पोखरी, केही घरहरू, सत्तल, एक ठूलो माने, दुई साना चैत्यहरू रहेका छन् । मन्दिर अगाडि आफ्नै परिसरमा स्वागत गर्ने शैलीको ठूलो खुल्ला ठाउँ रहेको छ ।

## मूर्तिकला

यस नाला सहरभित्र करिब तीसभन्दा बढी मूर्तिहरू (तस्बिर नं.१४-१७) रहेका छन् । तिनीहरूमध्ये सोह्रौदेखि पन्ध्रौ शताब्दीका छओटा मूर्ति यहाँका उल्लेखनीय सम्पदा हुन् (बाङ्गडेल, इ.सं. १९९५, पृ. ४३१-४३८) । तीमध्ये लक्ष्मी र गरुडसहितको भगवान् विष्णुका तीनओटा मूर्तिहरू रहेका छन् । बाँकी तीनओटामा पार्वती, सूर्य र कुमारको मूर्तिहरू पर्दछन् । नाला सहर भरिमा सबैभन्दा पुरानो यी छओटा मूर्तिहरू भगवती मन्दिरभित्र र बाहिर परिसरमा रहेका छन् । बाङ्गडेल (इ.सं. १९९५, पृ. ४३१-४३८) ले भने केही मूर्तिहरूको उल्लेख गर्न छुटाएका छन् । त्यसमध्ये एउटा सबभन्दा प्रख्यात र नाला बस्तीको परिचय दिने उग्रचण्डी भगवतीको मूर्ति (तस्बिर नं.१४) रहेको छ । यो मूर्ति अठार हाते महिषासुर मर्दिनीको हो। स्लसर (इ.सं. १९८२, पृ. ३०९-३१०) ले यो मूर्ति बाह्रौ/तेह्रौ शताब्दीको हुनसक्ने अनुमान गरेकी छन् । यो मूर्तिको बायाँतर्फ पाँच हात झरिसकेको छ । अन्य धेरै भाग पनि खिइएर वा पाता झरिसकेको छ । बाङ्गडेल (इ.सं. १९९५, पृ. ४३१-४३८) का अनुसार नालामा १५ औं देखि १७ औं शताब्दीको पाँच मूर्ति, १८ औं शताब्दी सम्मका चौध मूर्ति र १९ औं शताब्दीका पाँच मूर्तिहरू रहेका छन् । यिनीहरूमा चार, पाँच मूर्तिहरू मन्दिरभित्रै र तेह्र मूर्तिहरू मन्दिर परिसर (लगन टोल) मा रहेका छन् ।

मूर्तिहरूकै सन्दर्भमा इपाटोलमा छओटा, कोइपाटोलमा चारवटार मच्छे टोलमा चारवटा मूर्तिहरू रहेका छन् । यिनीहरूमध्ये निकै सुन्दर र उल्लेख्य मूर्ति पार्वतीको मूर्ति रहेको छ । अर्को उल्लेखनीय मूर्तिमा यूधिष्ठिरको मूर्ति (तस्बिर नं.१३) रहेको छ। यो अठारौं शताब्दीको मूर्ति हो।तापनि युधिष्ठिरको मूर्ति हालसम्म अन्यत्र नपाइएको हुनाले यो दुर्लभ मूर्तिमध्ये पर्न गएको हो। नालामा पाइएका मूर्तिहरूमध्ये विष्णु र उमा-महेश्वरको अधिक मूर्तिहरू छन् । बाङ्गडेल (इ.सं. १९९५, पृ. ४३१-४३८) को पुस्तकमा छुटेका इपाटोल र वलाछे टोलको अभिलेखसहितको सोह्रौं शताब्दीको गणेश मूर्तिहरू (श्रेष्ठ, २०६९, पृ. ८, २४) रहेका छन् । साथै जात्राका लागि निकालिने भगवती, महालक्ष्मी जस्ता देवीहरूको ढलौटका मूर्तिहरूको उल्लेख पनि उक्त पुस्तकमा पाइँदैन ।

## अभिलेख

नाला क्षेत्रमा हालसम्म पाइएका करिब ३० अभिलेख जति लिप्यान्तर गरि प्रकाशित भइसकेका छन्। ती अभिलेखहरूमा अधिकांश शिलालेख छन् भने केही ताम्रपत्रहरू रहेका छन् । यसबाहेक द्योछें, आगछेंहरूमा भएका मूर्तिहरू र देवीका गहनाहरूमा पनि अभिलेख हुन सक्छन्। जुन प्रकाशमा आइसकेको छैन । नाला सहरमा पाइएका अभिलेखहरूमध्ये सबैभन्दा पुरानो लिच्छविकालीन शिवदेव तृतियको सम्बत् ११८ लेखिएको अभिलेख (तस्बिर नं. १६) हो (बज्राचार्य, २०३०, पृ. ५१२; श्रेष्ठ, २०६९, पृ. २५) । यो मिति करिब वि.सं. ७४३ (न.घ.भनी, ०५४, पृ. ७) हुन आउँछ । यसमा धारा बनाएको कुरो उल्लेख गरिएको छ । दोस्रो, पुरानो पूर्व मध्यकालको एक अभिलेख (तस्बिर नं. १७)रहेको छ । यो अभिलेख ने.सं. ५१७ वा वि.सं. १४५४ को हो (बज्राचार्य, २०६८; श्रेष्ठ, २०६९, पृ. २६) । यी दुबै अभिलेख नाला भगवतीको मन्दिर परिसरमापाइएका हुन् । त्यसपछिको मितिमा सोह्रौ शब्ताब्दीका दुई गणेश मूर्तिको पादपीठमा पाइएका अभिलेख महत्त्वपूर्ण छ । तिनीहरूमध्ये एउटा इपाटोलको गणेश ने.सं.६२०को हो(श्रेष्ठ, २०६९, पृ. ८)। अर्को वलाछें टोलको गणेशको ने.सं. ६३७ को हो(श्रेष्ठ, २०६९, पृ. २४)। जसमा “रणमल्लको विजयराज्यमा...” भनी राजाको नाम समेत उत्कीर्ण गरिएको छ ।

त्यस्तै सत्रौ शताब्दीको अठारवटा, अठारौ-उन्नाइसौ शताब्दीको करिब पन्ध्र अभिलेखहरू रहेका छन् (श्रेष्ठ, २०६९) । यसमध्ये अधिकांश शिलालेख र ताम्रपत्रहरूभगवती मन्दिर वरपर रहेका छन् । पछिको समयको भएतापनि केही अभिलेखहरू यहाँ उल्लेखनीय देखिन्छन् । ति मध्ये इपालाछें टोलको ने.सं.७९७ को एक हो। यस अभिलेखमा राजा प्रताप मल्लको नाम उल्लेख गरिएको छ (श्रेष्ठ, २०६९, पृ. २१; राज, २०५५, पृ. ७)। यस अभिलेखले त्यो समयमा नाला शहरकाठमाडौंको अधिनमा भएको देखाउँछ । साथै उनकी एक पत्नी नालाकै थिइन् (राज, २०५५, पृ. ७) भन्ने समेत देखाउँछ । अर्को उल्लेखनीय अभिलेख ने.सं. ८८को (तीन अंकको यस सम्बत्मा तेस्रो अंक अस्पष्ट रहेकोले ० देखि ९ सम्म हुने सम्भावना छ ।) हो (श्रेष्ठ, २०६९, पृ.५०) । यो लगन टोलको युधिष्ठिरको मूर्ति स्थापना सम्बन्धी अभिलेख हो। यो दुर्लभ मूर्ति भएको र मूर्ति स्थापनाकोमिति समेत रहेकोले महत्त्वपूर्ण छ ।

## अन्य सम्पदा

नालामा अन्य थुप्रै लौकिक सम्पदाहरू पाइन्छन् । जसले मौलिक नेवाःबस्तीको संकेत गर्छ। ती सम्पदाहरूमा *लायकु* (दरबार), पाटी, ढुङ्गेधारा (तस्बिर नं.३ र ४), इनार, डबली (तस्बिर नं. ११), नगर प्रवेश द्वारहरू, *जह्रुं* (जलद्रोणी), मौलिक घरहरू (तस्बिर नं.६ र १०) र बाटोमा छापिएका ढुङ्गा (तस्बिर नं. ५) आदि हुन् । *लायकु*को हाल कुनै अवशेष बाँकी नभएतापनि हालको चण्डेश्वरी मा.वि. रहेको स्थानलाई नै *लायकु* क्षेत्रभन्ने भनाइ रहँदै आएको छ । लगन टोल जहाँ नाला भगवती मन्दिर अवस्थित छ, त्यहाँ त तीन वटापाटीहरू छन् । नाला क्षेत्रको अर्को विशेषता भनेको यति सानो क्षेत्रमा बाइस वटा ढुङ्गे धाराहरू पाइनुहो (बल्ल, २०८०, पृ. १९) । यसका साथै नाला नगरभित्र बाह्र वटा इनार, पाँच वटा *जह्रुं* (जलद्रोणी), चार वटा डबली पनि रहेको छ (बल्ल, २०८०, पृ. १९) ।

यी बाहेक मध्यकालमा प्राय बस्तीलाई घेर्ने पर्खाल र द्वारहरू हुन्थे । नालामा ती पर्खालको अवशेष त बाँकी छैन तर शहर पस्ने द्वारहरूपहिले सातवटा थियो (बल्ल, २०८०, पृ. १९) भने अहिले पाँचवटा बाँकी छन् । तिनीहरू करुणामयः मन्दिर, गणेश टोल, भगवती मन्दिर पछाडी, कोयपा टोल र चण्डेश्वरी मा.वि. सँगै रहेको छ । तर तिनीहरू प्रायः पुनःनिर्माण भइसकेका छन् ।

## छलफल एवम् विश्लेषण

यस लेखमा नालाका सम्पदाहरू, अभिलेखहरू र मूर्तिकलाको माध्यमबाट यहाँकोबस्ती संरचनाको अध्ययन गरिएको छ। यो बस्ती प्राचीन समयदेखि नै बसेको हुन सक्ने केही आधारहरू देखिए तापनि बस्ती बारे विस्तृत लेखिएका प्रमाणहरू पाइँदैन । त्यसैकारण प्रमाणित केही अभिलेख र मूर्तिकला कै माध्यमबाट बस्ती थियो भन्ने अनुमान गर्नुपर्ने हुन्छ । साथै केही पछि लेखिएका वंशावली र भक्तपुर जस्ता प्राचीन बस्तीका अवयवहरूसँग तुलना गरि निम्न विश्लेषण गरिएको छ ।

## बस्तीको ऐतिहासिकता

नाला बस्तीको सबैभन्दा पुरानो लिच्छविकालीन अभिलेखले यो ऐतिहासिक बस्ती भएको देखाउँछ । यसमा प्रयोग भएको उपरिम नालाङ्ग ग्राम शब्दलाई केलाउँदा लिच्छविकालमा प्रयोग हुने संस्कृत वा नेपाल भाषा परिवारमा यो शब्द पर्दैन । त्यसैले नेपालको प्राचीन इतिहासमा सम्भावित किराँती भाषाको स्थान-नाम हुन सक्छ । यसकै आधारमा यहाँ त्यो समयमै बस्ती वा गाउँको रूप लिइसकेको सम्भावना छ । लिच्छवि कालदेखि नै यहाँ विभिन्न ऐतिहासिक सम्पदाहरूको निर्माण हुँदै आइरहेका थिए । लिच्छविकालमा ढुङ्गेधारा, पूर्व मध्यकालमा सूर्य मूर्ति र मध्यकालमा थुप्रै मूर्ति, मन्दिर, पाटी, ढुङ्गेधारा र नगर प्रवेशद्वार आदि बनाइएको लिखित प्रमाणहरू नै पाइन्छन् । ती मध्ये पनि उग्रचण्डी भगवती र नाला करुणामय/सृष्टिकान्त लोकेश्वर/सेतो मछिन्द्रनाथ निकै प्रसिद्ध रहेको छ ।

त्यसपछि पूर्व मध्यकालको एक अभिलेख (वि.सं. १४५४), सोह्रौ शताब्दीको दुई गणेश मूर्ति, सत्रौ शताब्दीका अठार र अठाह्रौ उन्नाइसौ शताब्दीका करिब पन्ध अभिलेखले यहाँको बस्तीको निरन्तरता देखाउँछ । अभिलेख जस्तै मूर्तिहरू पनि पन्ध्रौदेखि सत्रौका पाँच, अठारौसम्म चौधौ र १९औं शताब्दीका पाँच मूर्तिले पनि बस्तीको जिवन्तता प्रदर्शन गर्छ । साथै सत्रौदेखि उन्नाइसौ शताब्दीमा सांस्कृतिक विकास उच्च रहेको समेत देखाउँछ । बाह्रौ शताब्दीमा आनन्ददेवले भक्तपुरमा राजधानी बसालेको समयमा पूर्वतिरका सात गाउँहरूलाई पनि व्यवस्थित गरिएको थियो (मानन्धर, २०६७, पृ.१) । त्यो समयमा यस स्थानमा करिब ५०० घरहरू थिए । साथै किराँतकालिन भनि प्रसिद्ध महादेव पोखरी, नगरकोटको दक्षिण ३ कि.मी. तल यो शहर थियो । यसले पनि बस्तीको निरन्तरता देखाउँछ ।

## भक्तपुरको बस्ती संरचनासँग तुलना

मध्यकालका अधिकांश बस्तीहरूमा सुरक्षाको दृष्टिकोणलाई ख्याल गरिने कुराहरू अभिलेखहरूमा उल्लेख भएबाट थाहा हुन्छ । भक्तपुरको यक्ष मल्लको अभिलेखमा शहरको चारैतिर पर्खाललेघेरि खाइ बनाइएको

उल्लेख भएबाट यो कुरालाई अझै टेवा पुऱ्याउँछ। भक्तपुरमा अझैपनि पुरानो नगरलाई घेर्ने कैयौ प्रवेशद्वारहरू (पुनः निर्मीत भएपनि) बाँकी छन्। त्यस्तै तरिकाले नालालाई घेर्ने पनि द्वारहरू थिए ।

यी भौतिक निर्माणको साथै प्राचीन बस्तीहरूमा प्राकृतिक/भौगोलिक बनावटलाइपनि ख्याल गरेर बनाइएको हुन्थ्यो । जसरी भक्तपुरलाई चारैतिरबाट अलि उचाईमा र उत्तरमा कासाङ्ग खुसी र दक्षिणमा हनुमन्तेले घेरेको छ, त्यसैगरी नालाको उत्तरी भागमा जंगल, पूर्व र पश्चिममा क्रमशः नन्दीमाता र पुण्यवती खोलाले घेरेको छ। यसरी आधारभूत सिद्धान्त सुरक्षात्मक वास्तु रहेको देखिन्छ। यसबाहेक बस्ती संरचनामा टोल विभाजन, मूल सडक, गल्ली र चोकहरूको व्यवस्था, हरेक टोलमा गणेश राख्ने शैली पनि भक्तपुर नगरसँग धेरै मिल्दो पाइन्छ। त्यस्तै दोबाटोमा अलि फराकिलो बनाई मन्दिर, चैत्य वा ढुङ्गेधारा बनाउने शैली पनि उस्तै नै पाइन्छ ।

## भक्तपुरको बस्तीका अवयवहरूसँग तुलना

नेपालका ऐतिहासिक बस्ती संरचनाको उदाहरणीय सम्पदाहरूका रूपमा नेवाः बस्तीहरू रहेका छन्। अधिकाशं बस्ती संरचनाका अवयवहरू मिल्दो नै पाइन्छ । तापनि भौगोलिक बनोट र स्थानीयको आयस्तरका आधारमा संरचनाहरू दुरुस्तै भने छैनन् । हरेक बस्तीलाई पहिचान गर्न मिल्ने एक न एक सम्पदा सो बस्तीमा अवश्य पाइन्छन् । त्यस्तै पहिचानमा साथ दिने दुई सम्पदाहरू उग्रचण्डी भगवती र नाला करुणामय पर्दछन् । नालामा हाल बाँकी त्यस्ता मध्यकालसम्मका अवशेषहरू भक्तपुरका बस्तीका अवयवसँग मिल्दो नै देखिन्छ । जस्तो पाटी, ढुङ्गेधारा, घरहरूका बनौट र बुट्टाहरू मिल्छन्। त्यसैगरि निर्माण सामग्रीहरू ढुङ्गा, इँटा, काठ, माटोले पनि बस्तीका बिच समानता देखाउँछ। पुराना मध्यकालीन बस्तीहरूमा आफ्नै राज्य नभए तापनि सबैमा *लायकु* क्षेत्र र सानो भएपनि दरबार रहन्थ्यो । जस्तै नगदेश, बोडे, जस्ता साना बस्तीमा पनि *लायकु* क्षेत्र थियो ।

मध्यकालीननेवाः बस्तीको पहिचानकै रूपमा पाटी र ढुङ्गेधारा हुने गर्थ्यो । शहरको प्रवेशद्वार, खुल्ला चोक, दोभान आदि ठाउँमा पाटी हुन्थ्यो ।नालामा पनि हरेक टोलमा कम्तिमा एक वटा पाटी रहेको छ । उग्रचण्डि भगवती, नाला मन्दिर अगाडिको तीनवटा ढुङ्गेधारा उल्लेखनिय छ। किनकि त्यहाँ सँगै एउटा जलद्रोणी जस्तो देखिनेप्रस्तरमा लिच्छविकालीन अभिलेख छ । जसमा धारा बनाएकै कुरा उल्लेख गरिएको छ । हुनत ती ढुङ्गेधाराहरूको कलाकृति हेर्दा लिच्छविकालिन देखिँदैन । जे होस् पानीको स्रोत त्यति बेलादेखि थियो तर धाराहरू फेरिएका हुनसक्छन् । नाला शहरका अन्य सम्पदाहरू जस्तै व्यक्तिगत घर, द्योछें (तस्बिर नं.७), सत्तल र पुरानो बाटोको संरचना पनि सम्पदा नै हुन् । नालामा अझैपनि तीन, चार सय वर्ष पुराना घरहरू (तस्बिर नं.६ र १०) छन् । जसमा झ्याल/ढोका, कलात्मक खालको *साज्यः*हरू बाँकी नै छन् । पुरानै मौलिक इँटा माटोको घर र काठका दलिन त अझैपनि छँदै छन् । झिंगटी पनि वि.सं. २०७२ को भूकम्प अगाडि सम्म प्रसस्तै थियो । पुरानो बाटोको संरचनामा अझैपनि चार-पाँच फिट लामो, ३-४ फिट चौडाका ढुङ्गाहरू नगरको बाटोमा (तस्बिर नं.५) पाइन्छन् । बस्तीका अवयवहरू दरबार, ढुङ्गेधारा, मन्दिर, डबली, जहुँ, पाटी, र लहर मिलेका घरहरू मध्यकालीननेवाः बस्तीसँग मिल्छन् । विभिन्न समयमा बनाइएका (अभिलेखका आधारमा) भएतापनि अहिले देखिएका अधिकांश बस्तीका अवयवहरू अठारौं शताब्दी भित्रै बनिसकेको थियो ।

## निष्कर्ष

बस्तीको ऐतिहासिकता बचाइराख्ने अभिलेख, मूर्तिकला, र सम्पदाहरूनै हुन्। नालाको लिच्छविकालदेखि मध्यकालसम्मको बस्ती संरचना पनि यिनैले व्याख्या गरेको छ। नभए प्रामाणिक इतिहास लेख्ने बानी नभएको नेपालजस्तो देशमा मानव समाज इतिहासमा कति सम्बृद्ध थियो भन्ने पत्ता लगाउन कठिन हुन्छ । त्यसैकारण यस्ता सम्पदाहरूको संरक्षण गर्ने, अभिलेखका लिपी पहिचान र लिप्यन्तर र नयाँ पिढिलाई हस्तान्तरण गर्नुपर्छ । यसले हाम्रो आफ्नै पहिचान सहितको बस्ती कति पुरानो थियो भन्न सकिन्छ। प्रस्तुत लेखमा पनि नालाका अभिलेख, मूर्तिकला, मन्दिरहरू, ढुङ्गेधाराहरू, पाटीहरू, प्रवेशद्वार जस्ता विभिन्न सम्पदाको माध्यमबाट यो मध्यकालीन नेवाः बस्तीको उदाहरण पेश गरिएको छ । यस स्थानको सबै सम्पदाहरूको स्थापनाको लिखित इतिहास नभएतापनि भक्तपुर जस्तो प्राचीन शहरसँग यसको संरचना र अवयव तुलना गरियो । यसले नालाको बस्तीका अवयवहरू भक्तपुरसँग मिल्दो भएपनि भौगोलिक हिसाबले सुहाँउदो बनाइ मौलिकता थपेको पनि देखाउँछ । यहाँ अझैपनि नेवाः वास्तुकलाका घर र बुट्टेदार झ्यालहरूकेही बाँकी छन् । यति सानो भूगोलमा करिब तिस अभिलेख, तिस मूर्ति, सात प्रवेशद्वार, बाइस ढुङ्गेधारा, लायकु, हरेक टोलमा पाटी, जलद्रोणी र इनारहरू रहनु उल्लेखनीय र नेवाः बस्तीको पहिचान झल्काइरहेको छ ।


# परिशिष्ट खण्ड (तस्बिरहरू)



तस्बिर नं. १ : नाला उग्रचण्डी भगवतीको मन्दिर



तस्बिर नं. २ : नाला भगवती र परिसरको पुरानो तस्बिर



तस्बिर नं. ३ : नाला भगवती परिसरको ढुङ्गेधाराहरू



तस्बिर नं. ४ : नाला नगर भित्र दोबाटोको ढुङ्गेधारा



तस्बिर नं. ५ : पुरानो ढुङ्गा ओछ्याइएको बाटो



तस्बिर नं. १२ : नाला नगरको महादेव मन्दिर



तस्बिर नं. १३ : युधिस्थिरको मन्दिर र मूर्ति

## नालाका केही प्रचलित मूर्ति र प्राचीन अभिलेखहरू



तस्बिर नं. १४ : नाला उग्रचण्डी भगवतीको मूर्ति





तस्बिर नं. १६ : कुमारको मूर्ति र नालाको लिच्छविकालिन अभिलेख



तस्बिर नं. १७ : सूर्यको मूर्ति र त्यसको पादपीठमा उत्किर्ण शिलालेख

## सन्दर्भ सामग्रीसूची


जोशी, सत्यमोहन, (वि.सं. २०७३), *नेपाली कलाको रूपरेखा, (प्राचीन र मध्यकालीन)*, बुकआर्ट नेपाल ।

दर्नाल, प्रकाश, (वि.सं. २०७८), *नेपाल मण्डलका सांस्कृतिक सम्पदाहरू*, भुँडीपुराण प्रकाशन ।

दाहाल, पेशल; खतिवडा, सोम प्र. (वि.सं. २०६०), *नेपालको कला र वास्तुकला*, एम.के. पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

नःघः भनी, तिर्थलाल, (वि.स. २०५४), नेपाःया जुजु पिनिगु ई, *पासूका*, २ (२), सुथां ।

बज्राचार्य, धनबज्र, (वि.सं. २०३०), *लिच्छविकालका अभिलेख*, नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि.।

बज्राचार्य, नरेश मान, (वि.सं. २०६९), *बज्रायान नेपाल*, त्रिरत्न प्रकाशन ।

बज्राचार्य, मुनीन्द्ररत्न, (वि.सं. २०५८), *नेपालका चार प्रसिद्ध करुणामय लोकेश्वर*, प्रमोदहर्ष बज्राचार्य ।

बल्ल, प्रिता, (वि.सं. २०८०), *नाला भगवती-एक अध्ययन*, अप्रकाशित स्नातक तहको शोधपत्र, ख्वप कलेज ।

मानन्धर, ज्ञानकाजी, (वि.सं. २०६७), *बनेपा सातगाउँ*, सुखवेती मानन्धर ।

राज, योगेश, (वि.सं. २०५५), नाला काठमाडौं राज्यको अधीनमा थियो भन्ने एउटा प्रमाण, *पासूका*, ३ (५). सुथां ।

श्रेष्ठ, रत्न प्रसाद, (वि.सं. २०८०), नाला करुणामयया न्हवं, *मेरो साप्ताहिक*, ५ (१७), रत्न काजी महर्जन ।

श्रेष्ठ, रत्न प्रसाद, (वि.सं. २०६९), *उग्रचण्डी नालाको अभिलेख संग्रह*, अनामणी प्रकाशन ।

Bangdel, L. S. (1995). *Inventory of stone sculptures of the Kathmandu valley*. Royal Nepal Academy.

Locke, John K., (1980). Karunamaya, *The cult of Avalokiteswara-Matsyendranath in the valley of Nepal*. Sahayogi Prakashan.

Nala, Bhaktapur. (2023, April 4). [Photo no. 10 and 12]. Facebook. https://www.facebook.com/photo.php?fbid=546621434264756&set=pb.100067507116915.-2207520000&type=3.

Slusser, M. S., (1982). *Nepal mandala: A cultural study of the Kathmandu Valley*. Princeton University Press.